**आ.व. ०८२/८३ को छैटौं बैठक**

आज मिति २०८२ साल पौष २० गते आइतबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री इक्साहाङ सुब्बा | सदस्य-सचिव | ९८४१४९०८६० | |

**अन्य**

अधिकृत छैटौं श्री शिव कुमार काम्बाङ

का.स. श्री धन बहादुर बुढाथोकी

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे नि.प्र.प्र.अ. श्री इक्साहाङ सुब्बाज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री संगम पौडेलको मितिः२०८२/०८/२१ मा यस गाउँपालिकाबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सरुवा भई मिति २०८२/०९/०३ मा सो मन्त्रालयको लागि रमाना समेत भइसकेको तर सोहि मिति २०८२/०८/२१ मा यस गाउँपालिकाको लागि सोहि मन्त्रालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) बमोजिम सरुवा हुनु भएका श्री टसी शेर्पा हाल सम्म यस गाउँपालिकामा हाजिर नभएको र पटक पटक सम्पर्क गर्दा समेत सम्पर्कमा आउन कठिन भएको साथै फोन सम्पर्क हुँदा यस गाउँपालिकामा हाजिर नहुने जानकारी गराएकोले यस गाउँपालिकाको सम्पुर्ण आर्थिक तथा प्रशासनिक कामकाज पुर्ण रुपमा अवरुद्ध भएको छ। निजको सरुवा भएको अवधि १५ दिन व्यतित भइसकेको अवस्था छ। त्यसैले यस गाउँपालिकाको आर्थिक तथा प्रशासनिक कामकाज सुचारु गर्नको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/११/२८, च. नं. १६५७ को परिपत्र बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारी मध्ये ज्येष्ठ कर्मचारी प्रशासन सेवा, लेखा समुहका लेखा अधिकृत (आठौं) श्री **इन्द्र कमल श्रेष्ठ (कर्मचारी संकेत नं. २२८०८७)** लाई यस गाउँपालिकाको आर्थिक तथा प्रशासनिक जिम्मेवारी प्रदान गर्ने गरि प्रमुख प्रशासकीय अधिकृत तोक्ने र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सोहि बमोजिम सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं.-३

यस गाउँपालिकाले मितिः२०८२/०८/०२ मा आह्वान गरेको ठेक्का नं. SQ/WORKS/PYRM/06/CMABGW/082/83 को शिलबन्दी दरभाउपत्रको सन्दर्भमा ३ वटा दरभाउपत्रदाताहरुले दरभाउपत्र पेश गरेकोमा एक दरभाउपत्रदाता श्री ताप्लेजुङ बिल्डर्स प्रा.लि., टोखा, काठमाण्डौंले दरभाउपत्र कागजात खरिद गरेको बैंक दाखिला भौचर पेश नगरेको र सो बारेमा सार्वजनिक खरिद अनुगमन कार्यालय सङ्ग रायसमेत माग गरिएकोमा उक्त दरभाउपत्रदातालाई मुल्याङ्कनमा समावेश नगर्ने आशयको सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं.MNP/८६८, मितिः२०८२/०९/०१ को पत्र र यस गाउँपालिकाको मुल्याङ्कन समितिको मितिः२०८२/०९/०४ को मुल्याङ्कन प्रतिवेदन सदर गरी सो आयोजनाको पुनः ठेक्का आह्वान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.-४

यस पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङमा कार्यरत तपसिलबमोजिमका कर्मचारीहरुलाई स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा २४ को उपदफा (४) बमोजिम यस कार्यालयबाट अन्यत्र स्थानीय तह सरुवा भई जान सहमति दिने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

| क.स. | कर्मचारीको नामथर | सेवा/समूह/पद/तह | कार्यरत स्थानीय तह | सरुवा भई जान चाहेको स्थानीय तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण रोकाय | स्थानीय स्वास्थ्य/हेल्थ इन्पेक्सन/अ.हे.व./सहायकस्तर चौथो | पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ। | रौतामाई गाउँपालिका, उदयपुर। | |
| २ | मन्जु बस्नेत | स्थानीय इन्जिनियरिङ/सिभिल/सब-इन्जिनियर/सहायकस्तर पाँचौ | पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ। | फुङलिङ नगरपालिका, ताप्लेजुङ। | |
| ३ | बसन्ती पाण्डे | स्थानीय कृषि/कृषि प्रसार/प्राविधिक सहायक/सहायकस्तर पाँचौ | पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ। | माई नगरपालिका, ईलाम। | |

निर्णय नं.-५

चा.लु. आ.व.०८२/०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय रोजगार कार्यक्रमको सशर्त अनुदान रु. २१ लाख ७२ हजार र स्थानीय तहको शतप्रतिशत साझेदारीमा रु. ४३ लाख ४४ हजार बजेटबाट पाथीभरा याङवरक गाउँपालिकाको ६ वटै वडाहरुबाट सूचीकृत ६१ जना बेरोजगार व्यक्तीहरुलाई नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. आ.रो.व्य. महाशाखा ०५, मितिः२०८२/०४/१८ गतेको पत्रमा उल्लेखित मितिः२०८२/०४/१५ गतेको नेपाल सरकार (मा.मन्त्रीस्तर)को निर्णय नं.-३ बमोजिम स्थानीय पुर्वाधार विकास योजनाहरुमा १०० दिनेको न्युनतम रोजगार प्रदान गर्ने र पारिश्रमिकवापत् प्रतिदिन रु. ६६८ कायम गरी श्रमिकको व्यक्तीगत खातामा सिधै भुक्तानी गरि स्थानीय तहबाट साझेदारी गरिएको रकमले आवश्यक निर्माण सामाग्री र औजारहरु खरिद गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष (औषधीपचार) र प्रकोप व्यवस्थापन कोष (आगलागी) बाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विरेन्द्र खिम्दिङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ५०००० | आगलागी |
| २ | ध्रुवता गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३०००० | आगलागी |
| ३ | अमृता गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | २५००० | औषधीपचार |
| ४ | पूर्ण बहादुर गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | २५००० | औषधीपचार |

| | | | | |
|---|---|---|---|---|
| ५ | विष्णु माया गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३०००० | औषधीपचार |
| ६ | नरीमाया भट्टराई | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | २०००० | औषधीपचार |
| ७ | भीम लाल लिम्बु | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | ३०००० | औषधीपचार |
| ८ | पविमाया बस्नेत | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | १०००० | औषधीपचार |
| ९ | उषा कटुवाल | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | ३०००० | औषधीपचार |
| १० | रामकुमारी कटुवाल | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | २०००० | औषधीपचार |
| ११ | तुलाराम पौडेल | पाथीभरा याङवरक-४, डुम्रिसे, ताप्लेजुङ। | २५००० | औषधीपचार |

निर्णय नं.-७

यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-६, थुम्वेदिनमा अवस्थित थुम्वेदिन खेल मैदानको स्टेज व्यवस्थापनमा भएको खर्च प्राविधिक स्टिमेट र कार्य सम्पन्न प्रतिवेदन बमोजिम मर्मत संभार कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

प्रदेश र स्थानीय तहमा आ.व. ०८३/०८४ का लागि संघीय समपूरक अनुदान र सङ्घीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमको लागि मितिः २०८२/०८/१६ गते प्रकाशित सूचना बमोजिम समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम मितिः २०८२ माघ मसान्त भित्र आयोजना/कार्यक्रमको विद्युतीय (अनलाइन) प्रणाली मार्फत आव्हान गरिएको हुँदा तपसिल आयोजना/कार्यक्रम छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. **समपुरक अनुदान तर्फः**
   - काबेली-पूर्णेडाँडा-पालिका भवनसम्मको सडक कालोपत्रे, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ ।
   - मेवाखा-सुकेटार सडकखण्ड कालोपत्रे, पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ।

२. **विशेष अनुदान तर्फः**
   - थेचम्बु स्वास्थ्य चौकी भवन निर्माण, पाथीभरा याङवरक-२, ताप्लेजुङ।
   - नागरिक आवास सुधार कार्यक्रम
   - साम्बा छ्योखोर्लिङ हिमालयन बौद्ध गुम्बा, पाथीभरा याङवरक-१, ताप्लेजुङ।

निर्णय नं.-०९

यस पाथीभरा याङवरक गाउँपालिका भित्रका तपसिल बमोजिमका क्लबहरु लाई विभिन्न अवसरमा खेलकुद कार्यक्रम आयोजना गर्नको लागि र यस गाउँपालिकाले विभिन्न स्थानमा भलिबल प्रतियोगितामा सहभागी जनाए वापत भएको खर्च अन्य खेलकुद शिर्षकबाट व्ययभार हुनेगरी रकम रु.३,५०,०००।– (अक्षरेपी तीन लाख पचास हजार मात्र।) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

| क्र.स. | क्लबको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सिरिजङ्घा युवा क्लब | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | २००००० | |
| २ | श्री याङ्सिङ्वेक एकता सञ्चार समाज | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | १००००० | |
| ३ | श्री तमु ल्होसार भलिबल खेल आयोजक समिति | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | १००००० | |
| ४ | सेसेलुङ महिला गोल्ड कप | फुङलिङ, ताप्लेजुङ | ४००००० | |
| ५ | फालेलुङ खुला अन्तरपालिका भलिबल प्रतियोगिता | फालेलुङ, पाँचथर | २५०००० | |

निर्णय नं.-१०

यस गाउँपालिकामा युवा खेलाडीहरुको भलिबल प्रतिको मोह बढीरहेको साथै भलिबल खेलाडीहरुमा व्यवसायिकताको मानसिकता विकास भईरहेको पाइएकोले गाउँपालिकाभन्दा बाहिरको म्याचमा प्रथम या द्वितीय उपाधी हासिल गरी ट्रफी पालिकामा बुझाएमा गत विगत समयदेखि नै रु.५०,०००।– प्रोत्साहनस्वरुप उपलब्ध गरिएकोमा यस पटक ताप्लेजुङ साथै पाँचथर जिल्लाको विभिन्न स्थानहरुमा आयोजना भएको वडा स्तरीय भलिबल प्रतियोगितामा यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-६ बाट भलिबल खेलाडीहरु सहभागी भई ८ पटक प्रथम स्थान हासिल गरेको साथै वडा नं.-३ तिरिङ्गेले १ पटक प्रथम स्थान हासिल गरि ट्रफी पालिकामा प्राप्त भएकोले उक्त टिमलाई यो बैठक बधाई तथा शुभकामना दिदैं सहभागी हुँदाको बखत लागेको खानाबास खर्च वापतको रकम रु. ४,५०,०००।–(अक्षरेपी चार लाख पचास हजार मात्र।) अन्य खेलकुद शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-११

यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-६, थुम्वेदिनमा रहेको थुम्वेदिन प्रहरी चौकी हाल "क" वर्गमा कायम रहेकोमा पछिल्लो समय उक्त प्रहरी चौकीको क्षेत्र फराकिलो भई जनसंख्या तथा सेवाग्राहीको चाप वृद्धि हुँदै गएको, शान्ति-सुरक्षा, विवाद, घरेलु हिंसा, सार्वजनिक मुद्दा तथा अन्य अपराधजन्य घटना वृद्धि भएको, हालको जनशक्ति, साधन र संरचनाले बढ्दो कार्यबोझ धान्न अपुग रहेको साथै भौगोलिक रुपमा संवेदनशील तथा दुर्गम भई समयमै सेवा प्रवाह गर्न थप जनशक्ती आवश्यक भएको हुनाले "ख" वर्गको ठानामा स्तरोन्नति गर्न उपयुक्त देखिएको हुँदा, सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१२

यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-३ को पुरानो वडाघर मर्मत तथा किचन व्यवस्थापन बापतको रकम रु.७५,५००।-(अक्षरेपी पचहत्तर हजार पाँच सय मात्र।) प्राविधिक स्टिमेट बमोजिम विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१३

यस गाउँपालिकामा आ.व.०८२/०८३ मा विशेष अनुदानतर्फ प्राप्त भएको केराबारी-डाँडागाउँ-पुर्णेडाँडा खानेपानी योजना कार्यान्वयनको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) सो योजनाको कन्टेन्जेन्सीबाट व्ययभार हुने गरी तयार गर्ने र सो DPR बमोजिम योजना सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१४

यस गाउँपालिकामा आ.व.०८२/०८३ मा प्रदेश सरकारको समपुरक अनुदानतर्फ प्राप्त भएको गाउँपालिकाको भवन परिसर व्यवस्थापन तथा सौन्दर्यकरण योजना कार्यान्वयनको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) सो योजनाको कन्टेन्जेन्सी र नपुग खर्च पुँजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट व्ययभार हुने गरी तयार गर्ने र सो DPR बमोजिम योजना सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१५

यस गाउँपालिकाको सब-इन्जिनियर मन्जु बस्नेतलाई सरुवा सहमति प्रदान गरिएको र निजको सरुवा भएमा प्राविधिक शाखामा जनशक्ती अभाव हुने देखिएकोले निजको रमाना पश्चात पाथीभरा याङवरक-२, थेचम्बु निवासी श्री सुवास पौडेललाई दक्ष कामदारको ज्याला भुक्तानी गर्ने गरी दैनिक ज्यालादारीमा अर्को व्यवस्था नभइन्जेलसम्मको लागि काममा लगाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१६

यस गाउँपालिकामा कार्यरत करारसेवाका सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन सन्तोषजनक देखिएको हुँदा साथै सूचना प्रविधि अधिकृतको हकमा "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२" परिच्छेद-३ को दफा-६(१) बमोजिम सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको सातौं तहको अधिकृत स्तरमा सम्झौता गरि कामकाज गराउन सक्नेछ भनि उल्लेख भएकोमा, यस गाउँपालिकामा करारसेवामा कार्यरत सूचना प्रविधि अधिकृतलाई छैटौं तहबाट मितिः२०८२/१०/०१ गते देखि लागु हुने गरी करार सम्झौता नविकरण गर्दा सातौं तहमा तह मिलान गर्ने र सोहि बमोजिमको सेवा, सुविधा उपलब्ध गराउने साथै सम्पुर्ण कर्मचारीहरुको ६ महिनाको लागि मितिः२०८३ साल असार मसान्तसम्मको लागि करार सेवा नविकरण गर्ने सर्वसहमतिले निर्णय गरियो।